# सङ्घीय संसद् सचिवालय

सिंहदरबार, काठमाडौं

## सेवा करारमा कर्मचारीहरूको पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०६

सचिवालयका निम्नलिखित रिक्त पदहरूमा करार सेवामा पदपूर्तिका लागि इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। तोकिएको योग्यता पुगेका उम्मेदवारहरूले भौतिक रुपमा सचिवालयमा उपस्थित भएर वा पदपूर्ति समितिको इमेल ठेगानाः recruitment@parliament.gov.np मा यो सूचनासँगै प्रकाशित दरखास्त फाराम भरी आवश्यक कागजातहरू समेत एउटै PDF फाइल बनाई सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र दरखास्त पेश गरिसक्नुपर्नेछ। रीत नपुगेका तथा म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### विज्ञापित पदहरूको विवरणः

| क्र.स. | विज्ञापन नं | पदनाम | सेवा | समूह | श्रेणी | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | ०१/०८२-०८३ | साउन्ड इन्जिनियर (Sound Engineer) | सङ्घीय संसद् | प्राविधिक | रा.प. तृतीय सरह | २ (दुई) |
| २. | ०२/०८२-०८३ | ईलेक्ट्रोनिक्स ओभरसियर (इ.ओ.) | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं प्रथम | ६ (छ) |
| ३. | ०३/०८२-०८३ | भिडियोग्राफर | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं प्रथम | २ (दुई) |
| ४. | ०४/०८२-०८३ | मेसेज संचालक (मे.सं.) | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं प्रथम | २ (दुई) |
| ५. | ०५/०८२-०८३ | अडियो भिडियो इडिटर (अ.भि.इ.) | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं प्रथम | ४ (चार) |
| ६. | ०६/०८२-०८३ | प्रसारण सहायक (प्र.अ.) | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं प्रथम | ४ (चार) |
| ७. | ०७/०८२-०८३ | माईक संञ्चालक | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं प्रथम | २ (दुई) |
| ८. | ०८/०८२-०८३ | ओभरसियर | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं प्रथम | ३ (तीन) |
| ९ | ०९/०८२-०८३ | ईलेक्टोनिक्स हेल्पर/Technician | सङ्घीय संसद् | प्राविधिक | रा.प.अनं. द्वितीय | २ (दुई) |
| १०. | १०/०८२-०८३ | विद्युत हेल्पर | सङ्घीय संसद् | प्राविधिक | रा.प.अन.द्वितीय | २ (दुई) |
| ११. | ११/०८२-०८३ | आई.टी हेल्पर(IT Helper) | सङ्घीय संसद् | प्राविधिक | रा.प.अन. द्वितीय | २ (दुई) |
| १२. | १२/०८२-०८३ | स्वास्थ्य हेल्पर | सङ्घीय संसद् | प्राविधिक | रा.प.अन.द्वितीय | १ (एक) |
| १३. | १३/०८२-०८३ | भारी सवारी चालक | सङ्घीय संसद् | प्राविधिक | श्रेणी विहिन | ४ (चार) |
| १४. | १४/०८२-०८३ | हलुका सवारी चालक | सङ्घीय संसद् | प्राविधिक | श्रेणी विहिन | २ (दुई) |

## आवश्यक न्यूनतम योग्यताः

१. **साउन्ड इन्जिनियर (Sound Engineer)**: B.E. in Sound Engineering वा मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि हासिल गरी Sound system engineering सम्बन्धी कम्तीमा ६ महिने तालिम वा Sound engineering सम्बन्धी काममा कम्तीमा २ वर्षको अनुभव प्राप्त गरेको।

२. **ईलेक्ट्रोनिक्स ओभरसियरः** मान्यताप्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उपाधी हासिल गरेको।

३. **भिडियोग्राफर,:** मान्यताप्राप्त शिक्षण संस्थाबाट भिडियोग्राफी विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरेको वा कुनै पनि विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र भिडियोग्राफी सम्बन्धी कम्तीमा तीन महिना तालिम प्राप्त गरेको।

४. **मेसेज सञ्चालक (मे. सं.)**: मान्यताप्राप्त शिक्षण संस्थाबाट भिडियो ईडिटिङ विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरेको वा कुनै पनि विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र भिडियो ईडिटीङ सम्बन्धी सेवा प्रवेशको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भएको।

५. **अडियो भिडियो इडिटर (अ.भि.इ.)**: मान्यताप्राप्त शिक्षण संस्थाबाट अडियो भिडियो इडिटर सम्बन्धी विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरेको वा कुनै पनि विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र अडियो भिडियो इडिटर सम्बन्धी कम्तीमा तीन महिना तालिम प्राप्त गरेको।

६. **प्रसारण सहायक (प्र.स.)**: मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र ब्रोडकास्टिङ्ग सम्बन्धी कम्तीमा तीन महिना तालिम प्राप्त गरेको।

७. **माइक सञ्चालकः** मान्यताप्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम र माईक सञ्चालन सम्बन्धी कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको।

८. **ईलेक्ट्रिकल ओभरसियरः** मान्यताप्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

९. **ईलेक्ट्रोनिक्स हेल्पर/Technician**: मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा SEE वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको सम्बन्धित विषयमा आधारभूत तालिम प्राप्त गरेको र कम्तिमा ६ महिनाको सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको।

१०. **विद्युत हेल्पर** : मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा SEE वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको सम्बन्धित विषयमा आधारभूत तालिम प्राप्त गरेको।

११. **आईटी हेल्पर (IT Helper)** : मान्यताप्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा SEE वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको आधारभूत कम्प्यूटर तालिम प्राप्त गरी कम्तिमा ६ महिनाको सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको।

१२. **स्वास्थ्य हेल्परः** मान्यताप्राप्त शिक्षण संस्थाबाट CMA वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको कार्य अनुभव भएको।

१३. **भारी सवारी चालक.:** मान्यताप्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी भारी सवारी चालक अनुमति (लाइसेन्स) प्राप्त गरी कम्तिमा १ वर्षको अनुभव प्राप्त गरेको।

१४. **हलुका सवारी चालकः** मान्यताप्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी हलुका सवारी चालक अनुमति (लाइसेन्स) प्राप्त गरी कम्तिमा ६ महिनाको अनुभव प्राप्त गरेको।

## उपर्युक्त पदहरूका लागिः

**उमेरको हदः** सबै तहका पदहरूका लागि १८ वर्ष पूरा गरी ५५ वर्ष ननाघेको।

**नागरिकताः** उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ।

**समकक्षताः** समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित विश्वविद्यालय वा निकायबाट समकक्षता निर्धारण गरेको प्रमाण अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुनेछैन।

**अनिवार्य योग्यताः** दुई पाङ्ग्रे सवारी साधन चलाउन जानेको र सोको अनुमति (लाइसेन्स) भएको ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**

- नेपाली नागरिकताको प्रमाणपत्र,
- तोकिएको न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र (Mark sheet/ Grade-Sheet), ट्रान्सक्रिप्ट र प्रोभिजिनल सर्टिफिकेट,
- चारित्रिक प्रमाणपत्र (Character Certificate),
- समकक्षता (आवश्यक पर्नेहरूका लागि मात्र),
- अनुभव आवश्यक हुने पदमा अनुभवको पुष्टयाई हुने प्रमाणपत्र,
- कम्तीमा दुई पाङ्ग्रे सवारी साधन चालक अनुमतिपत्रको प्रमाणपत्र,
- दस्तुर तिरेको/बुझाएको रसिद।

**परीक्षाको किसिमः** प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः** सङ्घीय संसद् सचिवालय।

**परीक्षा दस्तुरः** रा.प. तृतीय सरहको रु. १२००/-, रा.प.अन. प्रथम सरहको रु. ७००/-, रा.प. द्वितीय सरहको रु. ५००/- र श्रेणीविहीनको रु. २५०/-।

**सेवाका शर्तहरू** :उपयुक्त पदहरूमा सूचनाको करार सेवामा २०८३ सालको असार मसान्त सम्मका लागि नियुक्ति गरिनेछ र सचिवालयको आवश्यकतानुसार करारमा नवीकरण हुन सक्नेछ ।

**दरखास्त फारामः** पदपूर्ति सम्बन्धी सूचनासँगै सचिवालयको वेबसाइट (hr.parliament.gov.np/np/secretariat-notices) बाट दरखास्त फाराम उपलब्ध हुनेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** तोकिएको दरखास्त दस्तुर सचिवालयको (राजश्व शीर्षकः १४२२४ परीक्षा दस्तुर, पान नं: २०१३७२४६५, कार्यालय कोडः २०२००३५०१) राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गर्नुपर्नेछ ।

**दरखास्त पेश गर्ने अन्तिम मितिः** दरखास्त पेश गर्ने अन्तिम मिति २०८३/०२/१२ गते दिनको ५:०० बजेसम्म। रीत नपुगेको वा अपूर्ण दरखास्त उपर कुनै कारवाही गरिनेछैन ।

**तलब तथा अन्य सुविधाः** सम्बन्धित पदका लागि नेपाल सरकारले निर्धारण गरेको शुरु तलब स्केल ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:** सेवा, समूह सम्बन्धी ।

सम्बन्धित पदहरूका लागि प्राप्त दरखास्तहरू मध्ये संक्षिप्त सूची (Shortlist) मा परेका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षामा सहभागी गराइनेछ। संक्षिप्त सूची (Shortlist), प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता कार्यक्रम सचिवालयले तोके बमोजिम सञ्चालन हुनेछ। उल्लेखित सबै पदका लागि कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा सीप भएकोलाई प्राथमिकता दिइनेछ । Shortlist, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको कार्यक्रम सचिवालयको सूचना बोर्डमा एवम् सचिवालयको वेबसाइट (hr.parliament.gov.np/np/secretariat-notices)मा पनि प्रकाशन गरिनेछ।

थप जानकारीका लागि सङ्घीय संसद् सचिवालयको फोन नं. ०१-४२११९५६ र ०१-४२११९८२ मा सम्पर्क गर्न सकिनेछ ।

संघीय संसद सचिवालय

# सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

## सेवा करारका लागि दरखास्त फाराम

हालसालै खिचेको पासपोर्ट साईजको पूरै मुखाकृति देखिने फोटो यहाँ टाँसी फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

| दरखास्त दिने पदः | |
|---|---|

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| नाम थर | (देवनागरीमा) | | | |
| | (अंग्रेजी ठूलो अक्षरमा) | | | |
| नागरिकता नं.: | | जारी गर्ने जिल्लाः | मितिः | लिङ्गः |
| जन्म मितिः ............/...../..... (वि.सं.) ............/...../..... (ई.सं.) | | | सम्पर्क नं. | |
| स्थायी ठेगाना | क) प्रदेश | ख) जिल्ला | ग) न.पा./गा.पा. | घ) वडा नं. |
| | | | | |
| पत्राचार गर्ने ठेगानाः | | | ईमेलः | |
| बाबुको नाम, थरः | | बाबुको नाम, थरः | | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखतः |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

| कार्यालयले भर्नेः | |
|---|---|
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मितिः | रोल नं.:<br>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखतः<br>मितिः |

द्रष्टव्यः दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सोको प्रतिलिपि,

३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्यका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, दुई पाङ्ग्रे सवारी चालक अनुमति पत्रको प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि।